


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २६ गते शनिबार ❑ 11 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## १६ खर्ब ३२ अर्ब ८३ करोड बजेट विनियोजन

**रासस**
**काठमाडौं, २५ भदौ**

सरकारले प्रतिस्थापन विधेयकमार्फत चालु आर्थिक वर्षका लागि रु १६ खर्ब ३२ अर्ब ८३ करोडको बजेट विनियोजन गरेको छ।

अर्थमन्त्री जनार्दन शर्माले अर्थसम्बन्धी अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयकका सम्बन्धमा सङ्घीय संसद्मा वक्तव्य दिँदै चालु आवका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न उक्त बजेट ल्याइएको जानकारी गराउनुभयो । कूल विनियोजनमध्ये सङ्घले खर्च गर्ने चालुतर्फको रु ६ खर्ब ७७ अर्ब १९ करोड अर्थात् ४१ दशमलव ४२ प्रतिशत र पूँजीगततर्फ रु तीन खर्ब ७८ अर्ब १० करोड अर्थात् २३ दशमल १६ प्रतिशत रहेको छ । वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ८९ अर्ब ४४ करोड अर्थात् ११ दशमलव ६० प्रतिशत तथा प्रदेश र स्थानीय तहमा स्थानीय हस्तान्तरणतर्फ रु तीन खर्ब ८७ अर्ब ३० करोड अर्थात् २३ दशमलव ७२ प्रतिशत रहेको अर्थमन्त्री शर्माले जानकारी दिनुभयो ।



वित्तीय हस्तान्तरणतर्फ विनियोजित बजेटमध्ये चालु खर्चमा समानीकरण अनुदानसहित रु तीन खर्ब २५ अर्ब ७५ करोड अर्थात् ८४ दशमलव ११ प्रतिशत र पूँजीगततर्फ रु ६१ अर्ब ५५ करोड अर्थात् १५ दशमलव ८९ प्रतिशत रहेको छ । चालु आवका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये राजस्वबाट रु १० खर्ब ५० अर्ब ८२ करोड र वैदेशिक अनुदानबाट ५९ अर्ब ९२ करोड बेहोरिने छ।

चालु पूँजीगत र वित्तीय हस्तान्तरणतर्फ विनियोजित खर्चमा राजस्व र वैदेशिक अनुदानबाट बेहोर्दा रु पाँच खर्ब २२ अर्ब नौ करोड न्यून हुने बताइएको छ। वित्तीय व्यवस्थातर्फको विनियोजित रकम समावेश गर्दा कूल विनियोजनमा न्यून हुने रकममध्ये वैदेशिक ऋणबाट रु दुई खर्ब ८३ अर्ब नौ करोड र आन्तरिक ऋणबाट रु दुई खर्ब ३९ अर्ब बेहोरिने उल्लेख छ।

आन्तरिक ऋण तथा वैदेशिक ऋणको अंश करिब रु ३७ अर्ब घटाइएको चालुतर्फ १० प्रतिशत घटाइएको छ । यसबाट नेपाली जनतामा सानो अङ्कमा भए पनि ऋण भार कम हुने दाबी अर्थमन्त्रीको छ । अध्ययन अनुसन्धान र विश्लेषणमा आधारित रहेर अर्थ मन्त्रालयमा एक 'थिङ्क ट्याङ्क रहने व्यवस्था गरिएको विनियोजित बजेटमा उल्लेख छ।

## 'प्रदेश संक्रामक तथा सरुवा रोग अस्पतालको आवश्यकता पुरा गर्न सहयोग गर्छौं'

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौ**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेशको एक मात्र सामुदायिक अस्पताल संक्रामक तथा सरुवा रोग अस्पतालको आवश्यकता पुरा गर्न सहयोग गर्ने बताएका छन् ।

पोखरा-३० मोहोरियामा रहेको उक्त अस्पतालाको शुक्रबार अनुगमन तथा निरिक्षण गर्दै मन्त्री बरालले प्रदेशको अस्पतालाई साधन सम्पन्न सहित अस्पतालको आवश्यकता पुरा गर्न सहयोग गर्ने बताएका हुन् । आवश्यकताको आधारमा अस्पतालको भौतिक पूर्वाधार सहितको स्वास्थ्य सामाग्रि उपलब्ध गराउन प्रदेश सरकारले पहिलो प्रथामिकता राखेर सहयोग गर्नै पर्ने मन्त्री बरालको भनाई थियो । प्रदेशका जनतालाई स्वस्थ्य राख्न र सरुवा रोगहरुबाट बच्न र बचाउनको लागि पनि पूर्व तयारी गरेर बस्नको लागि अस्पतालको स्तरउन्नती गर्नै पर्नेमा मन्त्री बरालको जोड



थियो । प्रदेशको एउटा मात्र सामुदायिक अस्पताल भएकोले पैसाको अभावले अस्पतालको कुनै पनि सेवा प्रभावित पार्न नहुने उनको भनाई थियो ।

उनले भने "सवै हिसावले अस्पताललाई साधन सम्पन्न तुल्याउनको निम्ति अस्पताल व्यबस्थापन समिति र प्रदेश सरकारको समन्वय राम्रो हुनु पर्छ, यस अस्पतालमा न्यूनतम आधार भूत स्वास्थ्य सेवा राम्रो छ भन्ने सन्देस मुलुकमा दिन आवश्यक छ, प्रदेशका गरिब, दुःखी र विपन्न बर्गका जनतालाई सेवा दिन सक्नु पर्छ । " प्रदेशको महत्वपूर्ण सम्पत्तिलाई व्यबस्थित बनाउदै लैजाने सरकारको दाहित्व समेत भएको मन्त्री बरालले जनाए । उनले भने "थोरै जनशक्ति लियर सकरात्मक ढंगले कोभिड रोकथाम र त्यसबाट बचाउन अस्पतालबाट भएको प्रयास प्रशंसा गर्न योग्य छ, तपाईहरुले जागिर मात्र खानु भएन, सेवको भूमिकामा अहोरात्र खटिरहनु भयो अस्पतालका निर्देशक सहितको सिंगो टोलीलाई धन्यवाद दिन चहान्छु ।" अस्पतालका निर्देशक डा.विकास गौचनले अस्पतालको बारेमा मन्त्री समक्ष जानकारी गराएका थिए । अस्पतालमा नयाँ भवन सहितको अब क्यान्टिन, पार्किङ लगायतका भौतिक संरचना निमार्णको क्रममा रहेको बताएका डा. गौचनले ५० वेडको कोभिड उपचार केन्द्रमा हाल २७ जना बिरामीहरुको निःशुल्क उपचार भई रहेको जनाए । प्रदेश सरकारको स्वामित्वमा आएको १३ महिनामा उक्त अस्पतालबाट करिब ८ सय ५० जना कोरोनाका बिरामीको उपचार भएको उनले जनाए । विभिन्न अनुदानबाट अस्पतालमा गत आर्थिक बर्ष ११ करोड ४१ लाख रुपैया प्राप्त भई प्रति कोभिड बिरामी एक लाख ३९ हजार बराबरको खर्च व्यबस्थापन भएको निर्देशक डा. गौचनको भनाई थियो । अस्पताल व्यबस्थापन समितिका अध्यक्ष प्रा.डा.कृष्ण प्रसाद पौडेलले मुठ्ठीदानबाट स्थापना भएको अस्पताललाई हाल प्रदेश सरकारले स्वामित्वमा लिए पछि अब कोभिड संगै न्यूनतम २५/३० वेडको जनरल( ओपीडी) सेवा समेत संचालन गर्नुपर्ने बताए।

## लेकसिटी कलेजका प्रमुख गण्डकी विश्वविद्यालयका डिन

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौ**

पोखराको गैह्रापाटनमा रहेको लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरका क्याम्पस प्रमुख डा. कपिल अधिकारी गण्डकी विश्वविद्यालयको डिनमा नियुक्त भएका छन् ।

२०७५ साउनवाट लेकसिटी कलेजमा क्याम्पस प्रमुख समालेपछि आज सम्म विद्यार्थीको नसा नसामा वग्न सफल थिए डा. अधिकारी । विद्यार्थी सँग जुन आत्मियता थियो कलेजका सम्पूर्ण कर्मचारीको मुटु सरी धानको भकारी झै भरीएका थिए कपिल । उनै वहुप्रतिभाका धनी डा. कपिलले अमेरिकाको टेक्सास विश्वविद्यालयवाट विद्यावारीधी र अमेरिकाकैटेक्सासविश्वविद्यालयवाट डक्टरेट गरेका छन् । करिव सात वर्ष अमेरिकामा अध्ययन गरी सिकेको ज्ञान र देखेको विषयलाई मातृभूमीमा उतार्न आफ्नै जन्मथलो फर्केका हुन अधिकारी । अमेरिका वसाईमा मासिक सात लाख कमाइ हुँदा हुँदै पाँच वर्ष अघि नेपाल फर्केका डा अधिकारी लेकसिटी कलेजको प्रमुख भएपछि आँफुले सिकेको अनुसन्धानमुलक विद्यी क्याम्पसका



हरेक विद्यार्थीमा सिकाउँदै आएका थिए । क्याम्पस परिवारले हार्दिक वद्याइ ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना ब्यक्त गरेको छ । अधिकारीको नेतृत्वले उन्नति र प्रगति सँगै देशको आर्थिक विकासको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने क्याम्पस परिवारले विश्वास लिएको छ । लामो समय देखी लेकसिटी कलेजमा प्रमुख भइ शिक्षामा प्राविधिक र अनुसन्धानलाइ जोड दिंदै आएको स्मरणले खुशी व्यक्त गर्दै लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरका संचालक समितिका अध्यक्ष गेहेन्द्रेश्वर कोइरालाले विश्वविद्यालयको शिक्षामा पनि गुणात्मक आउने भने । विश्वविद्यालय द्वारा डिन नियुक्तीका लागि उपकुलपति प्रा.डा.नवराज देवकोटा संयोजकत्वमा गठित समितिले डा.अधिकारीलाई डिनमा नियुक्त गरेको हो। डा. अधिकारीले नियुक्ती संगै शुक्रबार पदबहाली समेत गरेका छन् । गण्डकी विश्वविद्यालयको स्थापनाको दुई वर्ष पनि नपुग्दै विश्वविद्यालयको कुलपति, उपकुलपति, रजिष्ट्रार, केही प्रध्यापक र कर्मचारी हुँदै साइन्स एण्ड टेक्नोलोजी (विज्ञान तथा प्रविधि संकाय)को डिन पदमा राष्ट्रिय प्रतिष्पर्धा बाट डा अधिकारीलाई छनोट गरिएको उपकुलपति देवकोटाले बताए । "डा.अधिकारीको वैदेशिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## ११४६ संक्रमित थपिए, २१ को निधन

**रासस**
**काठमाडौं, २५ भदौ**

कोरोना भाइरसको सङ्क्रमण आज एकै दिन एक हजार १४६ जनामा देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार विगत २४ घण्टामा १० हजार ९१६ जनामा परीक्षण गर्दा एक हजार १४६ जनामा सङ्क्रमण देखिएको हो।

नेपालमा सङ्क्रमणको दर १९.३ प्रतिशत पुगेको छ। सक्रिय सङ्क्रमित २७ हजार ९५८ जना रहेका छन्। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १५ रहेका छन्। यस्तै आज सङ्क्रमणमुक्त भई एक हजार ६६० जना घर फर्किएका छन् । अहिलेसम्म सात लाख ३६ हजार ६६६ जना सङ्क्रमणमुक्त भई घर फर्किएका हुन् । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९५ प्रतिशत रहेको छ । यस्तै सङ्क्रमणबाट विगत २४ घण्टामा २१ को ज्यान गएको छ। अहिलेसम्म १० हजार ९२४ जनाको सङ्क्रमणबाट ज्यान गएको छ।

## प्रादेशिक अस्पतालमा ८५० कोभिड बिरामीको उपचार

**पोखरापत्र संवाददाता**
**गण्डकी, २५ भदौ**

गण्डकी प्रदेशस्तरीय सङ्क्रामक तथा सरुवा रोग अस्पतालले स्थापनाको १३ महिनामा ८५० कोरोनाका बिरामीको उपचार गरेको छ।

अस्पतालका निर्देशक डा विकास गौचनका अनुसार प्रदेश सरकारले कोरोना सङ्क्रमणका प्रतिबिरामी एक लाख ३९ हजार बराबरको खर्च व्यवस्थापन भएको उल्लेख गर्दै गत आवमा रु ११ करोड ४१ लाख आर्थिक सहयोग प्राप्त भएको जानकारी दिनुभयो । पोखरा महानगरपालिका-३० मोहोरियामा सञ्चालित कूल ५० शय्याको उक्त अस्पतालमा हाल २७ कोरोना सङ्क्रमितको निःशुल्क उपचार भइरहको छ । गण्डकी प्रदेशका अर्थमन्त्री राजमीप्रसाद बराल (जीवन) ले उक्त अस्पतालको आज स्थलगत निरीक्षण गर्दै सङ्क्रामक तथा सरुवा रोग अस्पताल सञ्चालनमा प्रदेश सरकारका तर्फबाट आवश्यक सहयोग रहने बताउनुभयो। जनतालाई स्वस्थ राख्न र सरुवा रोगबाट बच्न र बचाउनका लागि पनि पूर्वतयारी आवश्यक रहने बताउँदै उहाँले अस्पतालको भौतिक पूर्वाधारसहितको स्वास्थ्य सामग्री उपलब्ध गराउन प्रदेश सरकारको पहिलो प्राथमिकता रहने स्पष्ट पार्नुभयो।

"सीमित स्रोतसाधन तथा जनशक्ति लिएर सकरात्मक ढङ्गले कोभिड रोकथाम र त्यसबाट सङ्क्रमितलाई बचाउन अस्पतालबाट भएको प्रयास प्रशंसनीय छ", मन्त्री बरालले भन्नुभयो, "अप्ठ्यारो अवस्थामा पनि आफ्नो पर्वाह नगरी उपचारमा खटिनु हुने स्वास्थ्यकर्मीलगायतलाई सम्पूर्ण अस्पताल परिवारलाई धन्यवाद छ ।" अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रा डा कृष्णप्रसाद पौडेलले मुठ्ठीदानबाट स्थापना भएको अस्पताललाई हाल प्रदेश सरकारले स्वामित्वमा लिएपछि अब कोभिडसँगै न्यूनतम २५/३० शय्याको जनरल(ओपीडी) सेवा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।



# मानसिक स्वास्थ्य प्रवर्द्धनमा सरकार प्रतिबद्ध : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकीसरकार मनोसामाजिक सुस्वास्थ्यको प्रवर्द्धन तथा आत्महत्या रोकथाम र न्यूनीकरणमा ठोस कदम चाल्न प्रतिबद्ध रहेको बताएका छन् । विश्व आत्महत्या रोकथाम दिवसका अवसरमा शुक्रबार पोखरामा आयोजित कार्यक्रममा उनले यो समस्या निराकरणका लागिसबैको सहकार्य, साथ र सहयोग अपरिहार्य छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कोशिश संस्थाको आयोजनामा भएको कार्यक्रममा उनले भने, ' गण्डकी प्रदेश सरकार यहाँहरुको साथ छ, सबैको सहकार्यमा आत्महत्या न्यूनीकरणकालागि बहुक्षेत्रीय कार्य योजनाको निर्णय गरी अविलम्ब लागु गरिनु पर्छ ।' हरेक जीवनलाई जोगाउनु पर्छ र सुनौलो भविश्यको निर्माण गर्नु पर्छ भन्नेमा आफू व्यक्तिगत तवरबाट र मन्त्रालयको तर्फबाट मुख्यमन्त्री पोखरेलले प्रतिबद्धता जनाए। उनले भने, 'विषम परिस्थितिमा आत्महत्याको सोच जो कोहीलाई पनि आउन सक्दछ । तर, आत्महत्या व्यक्तिगत कमजोरीले हुने होइन, यो त एक मनोसामाजिक समस्याको नतिजा हो ।'उनले तपाईं-हाम्रो सानो प्रयासले व्यक्तिलाई आत्महत्या गर्नबाट बचाउन सकिने भन्दै व्यक्तिलाई बदल्ने भन्दा पनि समाजमा रहेको नकारात्मक सोच र अभ्यासलाई परिवर्तन गर्न आवश्यक रहेको उनको भनाइ थियो । मनोविचलनको अवस्थामा रहेका व्यक्तिहरुले आफ्नो कुराहरु विश्वासिलो व्यक्तिसँग खुलेर राख्न आग्रह गर्दै उनले सुनिदिने व्यक्तिले पनि उहाँहरुको व्यथा पूर्वाग्रह नराखी सुन्ने, गोपनीयता कायम गर्ने, सक्दो सहयोग गर्ने र आवश्यक परे मनोविमर्शकर्ताको सहयोग लिने बानीको विकास गर्नुपर्ने बताए।

पछिल्लो तथ्यांक अनुसार नेपालमा दैनिक २० जनाले आत्महत्याका कारणले आफ्नो जीवन गुमाइरहेका छन् । विश्वमा प्रत्येक ४० सेकेन्डमा एक व्यक्तिले आत्महत्याका कारण ज्यान गुमाइरहेका छन् । आर्थिक वर्ष २०७७/२०७८ मा आत्महत्याका कारण ७ हजार १ सय ४१ जनाको मृत्यु भएको छ, जुन अघिल्लो आर्थिक वर्षभन्दा करिब १४ प्रतिशतले बढी हो ।

नेपाल सरकारले लिएको दिगो विकास लक्ष्य सन् २०१५-२०३० अनुसार आत्महत्याको दर १६.५ प्रति १ लाखबाट घटाई ४.७ मा पुऱ्याउने लक्ष्य लिएकोमा सन् २०२१ को मध्यसम्म बढेर २४.५ पुगेको छ । प्रदेश प्रहरी कार्यालयका अनुसार गण्डकी प्रदेशमा गत आर्थिक वर्षमा ६ सय ४४ जनाले आत्महत्याबाट ज्यान गुमाएका छन् । मुख्यमन्त्री पोखरेलले भने, 'यो भयानक अवस्था हो जसको सरकार र सम्पूर्ण सरोकारवालाहरुले ध्यान पुऱ्याउनुपर्छ । हरेक जीवन अमूल्य छ र त्यो जोगाउनु सबैको दायित्व हो।' आर्थिक रुपमा सम्पन्न भए पनि मानसिक रुपमा कमजोर भएपछि मानिसहरु आत्महत्या गर्न वाध्य भएको पाइएको उनले बताए । उनले भने, 'प्रदेशका अस्पतालहरुमा मनोसामाजिक परामर्श र बेड र चिकित्सकको अभाव भएको सुनें । कम्तीमा सुरुआत गर्न के गर्नुपर्छ ? स्वास्थ्य सचिवज्यू पेस गर्नुस् हामी राजधानीबाट भए पनि सुरु गर्न चाहान्छौं ।'

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारी गुरुङले मानसिक स्वास्थ्यका बारेमा सरकार संवेदनशील रहेको भन्दै यसलाई प्राथमिकतामा राखेर काम गर्ने बताइन् । शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले आत्महत्या रोकथामका लागि हामीले के के कोसिस गऱ्यौं त भन्ने बारेमा अब समीक्षा हुनु जरुरी रहेको बताए । समस्याको कारण पत्ता लगाएर अब सरोकारवाला सबै संस्था र निकाय एकजुट रहेर निराकरणमा लाग्नुपर्ने उनको भनाइ थियो । नीति तथा योजना आयोग उपाध्यक्ष डा. रघुराज काफ्लेले आत्महत्या प्रदेशको मुख्य समस्या रहेको भन्दै यसका गण्डकी सरकार संवेदनशील रहेको भनाइ राखे । मानवअधिकारको आवधिक प्रतिवेदनमा समेत यो विषयले प्राथमिकता पाएको भन्दै उनले सरकारले विशेष खालका कार्यक्रम गरेर हामी अगाडि बढ्ने प्रतिबद्धता जनाए । उनले भने, 'स्वास्थ्यमन्त्रालयको सहयोगमा कार्ययोजना बनाएर हामी अगाडि बढ्न चाहान्छौं । चालु आवको नीति तथा कार्यक्रममा प्रत्येक पालिकामा मनोसामाजिक परामर्शदाता राख्ने भनिएकोमा त्यसलाई कार्यान्वयनमा लैजान्छौं ।' प्रदेश प्रहरी कार्यालय गण्डकीका डिएसपी मीनबहादुर घलेले अपराधको मुद्दा दर्ता भएका मध्ये सामाजिक अपराध वाहेक आत्महत्याका मुद्दा नै बढी रहेको बताए । आत्महत्याका कारण खोतल्दै जाँदा गरिबी र बेरोजगारी सबैभन्दा ठूलो समस्या रहको पाइएको उनको भनाइ थियो ।

कार्यक्रममा कोशिश नेपालका कार्यकारी निर्देशक मातृका देवकोटाले आफू आत्महत्याको प्रयासपछि बँचेर नयाँ जीवन जिएको बताए। उनले भने, '१५ वर्षको हुँदा मलाई मनोसामाजिक समस्या देखियो । १९ वर्षसम्म पढाइ जारी राखें । ७ वर्ष घरमै बसें, म त शिक्षा प्रणालीको सिकार भएको रहेछु । २५ वर्षको उमेर पुगेपछि मानसिक स्वास्थ्यको उपचार सुरु भयो ।' उनका अनुसार मानसिक समस्या रोग होइन । यो मनको समस्या हो । त्यसैले मनोसामाजिक परामर्शले यो समस्यालाई कम गर्न सकिन्छ ।मानसिक समस्या एक्सरे गरेर, एमआरआई गरेर, रगत जाँचेर मानसिक समस्या पत्ता नलाग्दै उनले भने, 'चिरेर, जाँचेर, अपरेसन गरेर हुँदैन । यसका लागि त दक्ष जनशक्ति चाहियो । तनावको कारणले पनि यो हुन्छ भनेर मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेर सरकारले काम गर्नुपर्ने हुन्छ ।'

# महिला नेतृत्वमा आउन महिला नै बाधक'

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २५ भदौ**

नेपाली काँग्रेसको १४ औं महाधिवेसनबाट स्याङ्जामा एक जना मात्रै महिला वडा सभापति बन्न सफल भएकी छन् । ९७ वडा रहेको स्याङ्जामा दुई ओटा वडामा मात्रै महिलाहरुले नेतृत्व दावी गरेका थिए ।

दुई वडा मध्ये फेदिखोला गाँउपालिका ५ मा माया पनेरु सर्वसहमतिबाट वडा सभापति बन्न सफल भएकी छन् भने अर्को वालिङ नगरपालिका वडा नम्वर ८ मा पराजित हुन पुगेकी छन् । वडा सभापतिमा पराजित भोगेकी महिलाले सामाजिक सञ्जाल मार्फत कारुणीक भावना पोखेकी छन् । स्याङ्जा जिल्लाकै सबै भन्दा बढी क्रियाशिल सदस्य रहेको वालिङ नगरपालिका ८ को वडा सभापतिमा उमेदवार दिएकी सरस्वती वगालेले महिला नेतृत्वमा आउन महिलानै बाधक हुने गरेको घुमाउरो टिप्पणी सामाजिक सञ्जाल



मार्फत पोखेकी छन् । भदौ १८ गते शुरु भएको वडा अधिवेसनमा वालिङ ८ मा ५ जनाले वडा सभापतिमा उमेदवारी दिएका थिए । ५ जना मध्ये एक जना मात्रै महिला उमेदवार थिइन् भने ४ जना पुरुष नै थिए । सभापतिमा सरस्वती वगाले, कमलप्रसाद सुवेदी, छविलाल कुँवर, रेशमलाल कोइराला र कृष्णप्रसाद कोइराला विचको दावेदारी सहित उमेदवारी दर्ता भएको थियो । दुई कोइराला र कुँवरले सहमतिको प्रणाली अवलम्वन गर्दै उमेदवारी फिर्ता लिएपछि दुईजना वगाले र सुवेदीको मात्रै उमेदवारी रहन पुग्यो । सहमतिको प्रयास नभएपछि लोकतान्त्रिक अभ्यास अनुसार निर्वाचन भएको थियो ।

८ सय २ मतदाता रहेको वडामा ५ सय ६० मत खसेको थियो । जस मध्ये ३ सय ३४ मत ल्याएर सुवेदी वडा सभापतिमा बिजयी भए । वडाको निर्वाचनमा निकै गुटगत र पार्टीको निर्वाचन भन्दा पनि व्याक्तिवादीको जस्तो निर्वाचनले अत्यन्तै निराषजन बनाएको मतदानमा सहभागी काँग्रेसका क्रियाशिल सदस्यले बताएका थिए। वडा सभापतिमा पराजित भएपछि महिला नेतृ वगालेले सामाजिक सञ्जालमा भाबुक स्टाटस लेखेपछि तरङ्गित छाएको छ । उनले घुमाउरो रुपले टिप्पणी गर्दै महिला नेतृत्वलाई आरोप लगाएकी छन् ।

उनले लेखेको टिप्पणीमा ' महिलाहरु खाली आरक्षण मात्रै खोज्छन् भन्ने चुनौती दिन वडाको पार्टी संगठन हाक्न सक्छु भनेर हिक्मत गरेर वडा सभापति उमेदवार बन्ने प्रयासलाई हौसला दिनुको साटो महिला नेतृहरु नै खुलारुपमा महिला उमेदवारलाई सहयोग गर्न नदेखिनुले महिलाहरुको मुद्धामाथी कत्तिको आवाज उठाइएको छ भन्ने प्रष्ट यो निर्वाचनले देखाएको छ ।' उल्लेख गरेकी छन् । काँग्रेसको जग भनेको वडा भएको उल्लेख गर्दै वगालेले सामाजिक सञ्जालमा सोही वडालाई आधार मानेर महिला संघको केन्द्रीय उपाध्यक्ष, जिल्ला अध्यक्ष र नगर अध्यक्षलाई महिलालाई नेतृत्वमा आउन हौसला प्रदान नगरेको संकेत गरेकी छन् । आफ्नो पनि केही कमजोरी रहेको होला भन्ने प्रश्न गर्दै महिला नेतृ वगालेले गम्भिर सुझाव नपाएको आरोप पनि लगाएकी छन् ।

तिनै जना महिला नेतृहरु सोही वडाका हुन् । सभापतिमा पराजित भएकी वगालेको वडामा नेपाल महिला संघको केन्द्रीय उपाध्यक्षमा सरस्वती अर्याल तिवारी, महिला संघ स्याङ्जाको अध्यक्षमा कल्पना तिवारी र महिला संघको नगर अध्यक्षमा सरिता पौडेल लम्साल रहेका छन् । वगालेको सामाजिक सञ्जालमा गरेको टिप्पणी यिनै महिला नेतृहरु प्रति लक्षित भएको देखिन्छ । उनले लेखेको सामाजिक सञ्जालको टिप्पणीमा भने महिला नेतृहरुको नाम खुलाएकी छैनन् । महिलाहरुलाई नेतृत्वमा ल्याउन महिलाहरु नै बाधक भएको देखिन्छ ।

# लेकसिटी...

अध्ययनको अनुभवले गण्डकी विश्वविद्यालयलाई अध्ययन-अध्ययापनको क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल हुने विश्वास लिएको छु", कुलपति देवकोटाले भने ।

गण्डकी विश्वविद्यालयले तीन वटा विषयमा अध्ययन अध्यापन शुरु गर्ने जानकारी दिंदै उपकुलपति देवकोटाले आश्विन १७ गते बाट अध्ययन अध्यापन शुरु गर्ने बताए । विश्वविद्यालयले नेपालमा नै पहिलो पटक शुरु गरेको स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको अध्ययन अध्यापन लेखनाथ भण्डारढिक स्थित नेपाल आदर्श मावीमा शुरु गर्ने भएको छ बिफर्मा विषयको पोखरा ३२ स्थित ज्ञानकुञ्ज मावी र सूचना प्रविधि विषय महेन्द्रपुलबाट शुरु गर्ने जनाएको छ ।






# रेवान पोखराको २७ औं वार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौ**

रेष्टुरेण्ट एण्ड वार एशोसिएसन अफ नेपाल (रेवान) पोखराको २७ औं वार्षिक साधारण सभा शुक्रबार पोखरामा सम्पन्न भएको छ।

साधारण सभाको उद्घाटन समारोहमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोरोना प्रभावका कारण सुस्त अवस्थामा रहेको पर्यटन क्षेत्र अब चलायमान बनाउनुपर्ने बताउनुभयो । 'कोरोना संक्रमण घटदो छ, अब पर्यटन क्षेत्रका सबै खाले गतिविधी सञ्चालन हुनुपर्दछ'- भट्टराईले भन्नुभयो।

अहिले यहाँका होटल तथा रेष्टुरेण्टहरु विस्तारै खुल्दै गएको बताउँदै असोजको पहिलो सातादेखिनै पर्यटन सम्बध अन्य गतिविधीहरुपनि सञ्चालन गर्नुपर्ने अध्यक्ष भट्टराईको भनाई छ । यसका लागि पर्यटन सम्बध सम्पूर्ण संघसंस्थाहरुविच सहकार्य र हातेमालोको पनि आवश्यक गरेको भन्दै उहाँले परिषद् अन्तर्गतका सबै संघसंस्थालाई स्वास्थ्य मापदण्डको पालना गर्दै व्यवसाय सञ्चालन गर्न आग्रह गर्नुभयो।

व्यवसायीहरुलाई बैक तथा वित्तिय संघसंस्थाले अनावश्यक झमेलामा नपार्न अनुरोध गर्दै यो समस्या समाधानका लागि पनि आवश्यक कदम चाल्नुपर्नेमा उहाँले जोड दिनुभयो । कार्यक्रममा



बोल्दै नेपाल पर्यटन बोर्ड, गण्डकीका प्रमुख काशीराज भण्डारीले कोरोनाका कारण लामो समय शिथिल अवस्थामा पुगेको पर्यटन क्षेत्रको मुहार अब फिर्नेमा आशा व्यक्त गर्नुभयो । पोखरा महानगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष जगतबहादुर पहारीले वडाभित्र भएका विकासे गतिविधीबारे प्रकास पार्दै आगामी दिनहरुमा गर्नुपर्ने कामका बारेमा अवगत गराउनुभएको थियो । उद्घाटन सत्रमा संस्थाका महासचिव विकाश भट्टराईले संस्थाका प्रगति विवरण प्रस्तुत गर्नुभयो । उहाँले रेवान पोखराले २२ औं पोखरा सडक महोत्सव, कर शिक्षा कार्यक्रम, कोभिड-१९ को असरमा परेकाहरुलाई गरिएको राहत वितरण, खोप कार्यक्रम, नयाँ वर्षको शुभकामना कार्यक्रम, विभिन्न क्षेत्रलाई प्रदान गरिएको आर्थिक सहयोग, मिनि सडक महोत्सव, तालिम, पोखराको प्रवर्द्धनात्मक कार्यक्रम लगायत आफ्नों प्रतिवेदनमा प्रस्तुत गर्नुभएको थियो ।


सो अवसरमा संस्थाका गतिविधीहरुमा सहयोग गर्ने विभिन्न सहयोगी संघसंस्था तथा संस्थामा आवद्ध भएका नयाँ व्यवसायीहरुलाई स्वागत एवं सम्मान गरिएको थियो । रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालको अध्यक्षतामा भएको समारोहमा संस्थाका प्रथम उपाध्यक्ष नरेश भट्टराईले स्वागत गर्नुभएको थियो ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बिपीलाई माल्यारोपण गरी ज्योती हमालको सभापतिमा उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौ**

नेपाली कांग्रेस पोखरा महानगरको सभापतिको उम्मेदवार ज्योती हमालले जिरोमा भेला भई जिरो हुँदै सभागृहचोक हुँदैं बिपीचोकमा गई बिपीको सालिकलाई माल्यारोपण गरीआर्शिबादलिईआफ्नोमनोनयन दर्ता गर्नु भयो।

हमालले कांग्रेसले बिपीले नेपालीहरुको सपना साकार बनाउन स्थापना गरेको कांग्रेसमा अहिले उँहाको नितीलाई छोड्दै गएका कारण कांग्रेस अहिले कमजोर बन्दै गएको र युवा महिलालाई समेट्न नसकेको कारणले उम्मेदवारी दिएको बताउनु भयो।



समाजबाद, प्रजातन्त्र र राष्ट्रियताको उदेश्य पूरा गर्न अब सबै महामानब बिपी कोईराला गुटमा आउनुपर्ने हमालको जोड छ । २२औ शताब्दीमा बिपीको कांग्रेस बनाउने सपनालाई मूर्तरुप दिन आफ्ना एजेन्डाका मतदाता संग राखेकोले आफनो एजेन्डाका लागि मतदान गर्न पार्टीका नेता कार्यकर्ताहरुलाई उहाँको आग्रह छ । नेपाली कांग्रेसका नेता ज्योती हमालले आसन्न १४औं महाधिवेशनमा पोखरा महानगरको सभापतिको उम्मेदवार दिनुको कारण "जहाँअत्याचार हुन्छ ! त्यहाँविद्रोह हुन्छ !" भन्दै महिलालाई अन्य पार्टिले मेयर, मन्त्रि, राष्ट्रपति बनाईसकेको तर कांग्रेसले स्थाननदिएको कारणले पनि राजनितीमाअझ सक्रियभएर लागेको बताउनु भयो।

हमालले आफ्नो उम्मेदवारी गुट उपगुटलाई चिर्नका लागि भएको बताउँदै पार्टीभित्र देखिएका सकारात्मक पक्षलाई अझ तिखार्ने, जनता र महिलाका आवाजलाई महाधिवेशन मार्फत संस्थागत गर्ने र विचारको राजनीतिलाई प्रवर्द्धन गर्ने हेतुले महाधिवेशनमा होमिन लागेको भनाई उहाँको छ। हमालले राजनितीमा महिला र युवाका आवाज बुलन्द गरी महिलालाई स्थापित गर्न आफु तयार भएको बताउदैं सांसद भईसकेका महिला नेताहरुको अधिकार कटौती भएको यो अवस्थामा साधारण महिलाहरुको राजनितीक अवस्था के होला भन्दै ठुलो प्रश्न चिन्ह खडा गर्नुभयो।

नेपाली कांग्रेसलाई एक ढिक्का र एकीकृत पार्टीको रुपमा अगाडि बढाउनुपर्ने बताउदैं नेपाली कांग्रेसभित्र गुट र उपगुटको जुन राजनीति छ त्यसले नेपाली कांग्रेसलाई दिन प्रतिदिन कमजोर बनाउँदै लगेको उहाँको भनाई छ । जबजब कांग्रेस कमजोर हुन्छ तबतब देश पनि समस्यामा पर्ने हुदाँयो समस्याबाट मुक्तगर्ने चिन्तनमा आफु रहेको र त्यसलाई चिर्न तत्पर भएको उनले बताउनुभयो । ज्योतीले आफु सबैको साझा उम्मेदवार भएको उल्लेख गर्नुभयो । हमालनन्द ईन्टरटेनमेन्टले आयोजना गरेको आमाहरुको ब्युटि पेजेन्ट सुपरममको पहिलो बिजेता हुनुहुन्छ।

पोखरा महानगरको सभापतिमा उम्मेदवारी घोषणा गरेकी ज्योती हमाल स्कुलले जिवनदेखि राजनीतिमा निरन्तर सक्रिय हुनुहुन्छ।

# प्रधानमन्त्री रोजगार कार्यक्रमः बेरोजगारलाई गाउँघरमै रोजगारी

**–कृष्ण न्यौपाने**
**तनहुँ, २५ भदौ (रासस)**

प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत बेरोजगार सूचीमा सूचीकृत तनहुँका सर्वसाधारणले गाउँघरमै रोजगारी पाएका छन्।

न्यूनतम एक सय दिनको रोजगारी पाइने यस कार्यक्रममार्फत् सर्वसाधारणले गाउँघरमै रोजगारी पाएका हुन् । म्याग्दे गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एक सय ६५ बेरोजगारले रोजगारी पाएका छन् । गाउँपालिकामा चार सय ४८ बेरोजगार सूचीकृत भएकामा प्राथमिकताका आधारमा एक सय ६५ बेरोजगारले रोजगारी पाएका हुन्।

रोजगारी पाउनेमा म्याग्दे गाउँपालिका-३, ४, ६ र ७ का बेरोजगारसूचीमासूचीकृतभएकाहरू रहेको रोजगार संयोजक पविन्द्र शाहीले जानकारी दिनुभयो। उहाँका अनुसार म्याग्दे-३ का १३, म्याग्दे-४ का ३७, म्याग्दे-६ का ९ र म्याग्दे-७ का एक सय ६ जनाले रोजगारी पाएका छन् । उनीहरूले प्रतिदिन रु पाँच सय १७ का दरले न्यूनतम एक सय दिनको काम पाएका छन्। "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाअन्तर्गत एक सय र कामका लागि समुदायमा आधारित पारिश्रमिक आयोजनाअन्तर्गत ६५ जनाले रोजगारी पाएका छन्", उहाँले भन्नुभयो, "सात वडामध्ये चार वडामा आयोजनामार्फत् काम गरिएको छ ।" प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् गारेटो बाटो निर्माण, चौतारा निर्माण, पैदलमार्ग, पोखरी मर्मत, खानेपानी आयोजना मर्मतलगायत काम सम्पन्न भएको छ । "सबै कामको प्रगति सन्तोषजनक छ," उहाँले भन्नुभयो, "स्थानीय स्तरमै रोजगारी पाउँदा बेरोजगारलाई गुजारा चलाउन सहज भएको छ।"

चालु आर्थिक वर्षमा यस कार्यक्रमका लागि दुई सय ५८ सूचीकृत भएका छन् । तीमध्ये एक सय एक जनाले रोजगारी पाउनेछन् । म्याग्दे-३ मा २२, म्याग्दे-४ मा ३६, म्याग्दे-६ मा ११ र म्याग्दे-६ मा एक सय ८९ जना सूचीकृत भएका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि म्याग्दे-१ र २ मा कोही पनि सूचीकृत भएका छैनन् । प्रत्येक वडा कार्यालयमा सूचना पुऱ्याएपनि वडाको तर्फबाट राम्रो समन्वय हुन नसकेको संयोजक शाहीले बताउनुभयो।

प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि गाउँपालिकामा चालु आर्थिक वर्षमा रु ८५ लाख बजेट विनियोजन भएको छ । व्यास नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् दुई सय ८३ जनाले रोजगारी पाएका छन् । यस कार्यक्रमअन्तर्गत १२ वटा योजनाको काम गरिएको छ । कार्यक्रमका लागि रु ८८ लाख बजेट विनियोजन भएकामा रु ४७ लाख ५४ हजार ९ सय एक बजेट खर्च भएको रोजगार संयोजक सुजिता थापाले जानकारी दिनुभयो । नगरपालिकाका १४ वडामध्ये ७ वडामा मात्रै रोजगार कार्यक्रम सञ्चालन भएको छ । व्यास-६ मा कुलो मर्मत, व्यास-९ मा चिसापानी मोटरमार्ग कच्ची नाला निर्माण, व्यास-१० देवीडाँडामा सिढी निर्माण, व्यास-११ चमेरेगुफा भतेरी मार्गमा सिढी निर्माण र चौतारी निर्माणको काम गरिएको छ भने व्यास-१३ मा सुढे पदमार्ग र व्यास-१४ मा रुम्सी बेलडाँडामा कच्ची नाला निर्माण गरिएको छ।

आँबुखैरेनी गाउँपालिकामा तीन सय ९६ जनाले रोजगारी पाएका छन् । यस कार्यक्रममार्फत् ३५ योजना सम्पन्न गरिएको रोजगार संयोजक कमला गैह्रेले जानकारी दिनुभयो । यसअन्तर्गत प्रत्येक वडामा चौतारा र पोखरी निर्माण गरिएको छ। यसैगरी गोरेटो बाटो, नाला निर्माणलगायत काम सम्पन्न भएको छ।

कार्यक्रमका लागि रु ९६ लाख बजेट प्राप्त भएकामा रु ८६ लाख ९५ हजार खर्च भएको थियो । कार्यक्रमअन्तर्गत वडा नं ४ मा कोटगाउँ गोरेटो बाटो निर्माण गरिएको छ। वडा नं ५ मा ताराखसे आहालमा पोखरी तथा चौतारो निर्माण गरिएको छ। वडा नं ६ मा हिलेखर्क छिम्केश्वरी गोरेटो मार्ग निर्माण, वडा नं ५ बरालुङ गाउँबाट सानोभञ्ज्याङ जानको लागि गोरेटो बाटो निर्माण गरिएको छ। गाउँपालिकाका ६ वटा वडामध्ये वडा नं २ मा पोखरी र वडा नं ३ मा चौतारो निर्माण नभएको तर अन्य सबै वडामा पोखरी र चौतारो दुवै निर्माण गरिएको संयोजक गैह्रेले जानकारी दिनुभयो।

# बेनीमा बर्खेनाच समापन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ भदौ**

बेनी बजारमा एक महिनाअघि सुरु भएको बर्खेनाचको समापन गरिएको छ।

भाषा मंकाःखल र ल्यामःपूचको नेतृत्वमा प्रत्येक वर्षको साउन महिनाको घण्टाकर्ण चर्तुदशीदेखि हरितालीका तीज पर्वका दिनसम्म देखाउने गरिन्छ। बेनीको गणेश मन्दिरमा धार्मिक विधिअनुसार कृष्णद्वारा घण्टाकर्ण नामको राक्षसको प्रतीकको बध गरी समापन गरिएको हो।

'तरबार लडाइँ नृत्य'मा श्रीकृष्णको रूपधारण गरेका कलाकारले लाखेको मुखुण्डोलाई बध गरेका थिए । बेनीमा नेवार समुदायको बसोबास रहेदेखि नै बर्खेनाच देखाउने चलन रहेको नेपाल भाषा मंकाःखल म्याग्दीका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो । परापूर्वकालमा समाजलाई दुःख दिएको घण्टाकर्ण नामको राक्षसको स्थानीयवासीले बध गरेपछि साक्षसकी पत्नीले पतिवियोगमा देखाएको चरित्रलाई बर्खेनाचमा कलात्मकरूपमा प्रस्तुत गरिन्छ। बर्खेनाचअन्तर्गत मृढङ्गा र मादलको तालमा लाखे, घोडा, नागनागिनी, रोपाइँ र जोगीनाच देखाउने गरिन्छ। कोरोना भाइरसको महामारीका कारण गत वर्ष र यसपालि बर्खेनाचलाई औपचारिकतामा मात्र सीमित गरिएको ल्यामःपुच म्याग्दीका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो । "घण्टाकर्णको प्रतीक सेलाउने, गाईजात्राका दिन दिवङ्गतहरूको स्मृतिमा लक्ष्मीनारायण मन्दिर परिसरमा तायमचा देखाउने र कृष्ण मन्दिरमा घण्टाकर्णको बध गर्ने कार्यक्रम मात्र भयो", उहाँले भन्नुभयो, "विभिन्न नृत्यसहित बजार परिक्रमा गरिएन, परम्परालाई निरन्तरता र संस्कृति जोगाउन औपचारिकतामा मात्र सीमित बनायौं ।" बेनीमा बसोबास सुरु भएदेखि नै बर्खेनाच देखाउने परम्परागत चलन रहेको पाइन्छ। उक्त नाचअन्तर्गत तीजको दिनमा दानवीय स्वरुपको लाखेलाई भगवान् श्रीकृष्णले बध गरेपछि असत्यमाथि सत्यको विजयी भएको सन्देशसहित यो नाच समापन गरिने अध्यक्ष श्रेष्ठले बताउनुभयो । नाचमा पछिल्लो समय यहाँका युवाले सक्रिय सहभागिता जनाउने गरेका छन् । बर्खेनाचका लागि नयाँ कलाकारलाई तालिमसमेत दिइएको थियो।

# ऋषिपञ्चमी

**रासस**
**काठमाडौं, २५ भदौ**

भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषिपञ्चमी आज नेपाली नारीले अरुन्धतीसहित सप्तऋषिको पूजा आराधना गरी मनाउँदैछन्।

महिलाले आज बिहानै उठेर नित्य कर्म गरी नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई ३६५ वटा दत्तिवनले दाँत माझ्ने, गाईको गोबर, माटो एवं खरानी लगाई स्नान गर्दछन्। हरितालिका (तीज) को व्रत एवं पूजाआजा महिला पुरुष दुवैले गर्ने शास्त्रीय वचन रहे पनि ऋषिपञ्चमी भने महिलाका लागि मात्र गर्नुपर्ने शास्त्रीय वर्णन रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष एवं धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो। रजस्वलाका समयमा छाईछुईलगायत कुनै त्रुटि भएको भए आज ऋषिपञ्चमीको दिन अरुन्धतीसहित सप्तऋषिको पूजा गर्नाले त्यसबाट मुक्ति पाइने धार्मिक विश्वास छ । नारीलाई रजस्वलाको प्रथम दिन चाण्डाल्नी, दोस्रो दिन ब्रह्मघातिनी, तेस्रो दिन धोबिनी र चौथो दिन स्नान गरी शुद्ध हुन्छिन् भन्ने विश्वास गरिन्छ।

# गुटबन्दीभन्दा पनि योग्यता र दक्षता प्राथमिकतामा- मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्रनेपालीपोखरेलले नेपाली कांग्रेसको आसन्न महाधिवेशनमा कार्यकर्ताले गुटबन्दीभन्दा पनि योग्यता र दक्षताका आधारमा नेतृत्व चयन गर्नुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गतपोखरा महानगर समितिको अधिवेशनको आज आयोजित उद्घाटन समारोहमा उहाँले जनताको भरोसाको केन्द्र कांग्रेस भएकोले आन्तरिक स्वस्थ प्रतिस्पर्धामार्फत नेतृत्वमा आउन कार्यकर्तालाई आग्रह गर्नुभयो । गुटबन्दीको राजनीतिभन्दा योगदान, समर्पण र दक्षता एवं योग्यताका आधारमा नेतृत्व चयन गर्न मतदातालाई सुझाव दिँदै उहाँले पार्टी सङ्गठनलाई सशक्त बनाएर लैजान सक्ने नेतृत्व आवश्यक भएको बताउनुभयो।

पोखरा महानगर समितिको अधिवेशनले आगामी कार्यकालका लागि १६५ सदस्यीय कार्यसमिति चयन गर्नेछ। नेतृत्वमा एक महिलासहित छ जनाको सभापतिमा उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृत आरसी विमलले जानकारी दिनुभयो । उहाँका अनुसार समितिको पदाधिकारी चयनका लागि हुने निर्वाचनका लागि कुल मतदाता एक हजार ३७० मतदाता छन् । महानगरको सभापति पदका लागि सुरेन्द्रमान बिजुक्छे, रामराज लामिछाने, मोहनप्रसाद बास्तोला, मिलन तिवारी, गङ्गाधर पराजुली र ज्योति हमालले उम्मेदवारी दिनुभएको छ । यसैबीच महानगरमा सभापतिको उम्मेदवारी दिएका गङ्गाधर पराजुलीले आज पत्रकार सम्मेलन गर्दै पोखरा महानगरपालिकामा नेपाली कांग्रेसलाई सबैले भरोसा गर्ने पार्टीका रूपमा स्थापित गर्न आफूले उम्मेदवारी दिएको बताउनुभएको छ । लामो समय पत्रकारिता क्षेत्रमा बिताउनुभएका पराजुलीले यसअघि नेपाल पत्रकार महासङ्घ तथा नेपाल प्रेस युनियनको केन्द्रीय उपसभापतिका साथै रासस सञ्चालक समितिको सदस्य एवं न्युनतम पारिश्रमिक निर्धारण समितिको अध्यक्षलगायतका जिम्मेवारी सम्हाल्नुभएको छ।

# नेपालले दियो पपुवा न्युगिनीलाई जितका लागि २३४ रनको लक्ष्य

**रासस**
**काठमाडौं, २५ भदौ**

दोस्रो एकदिवसीय खेलमा नेपालले पपुवा न्युगिनीसामु जितका लागि २३४ रनको लक्ष्य प्रस्तुत गरेको छ।

ओमानमा जारी एकदिवसीय सिरिजअन्तर्गत आज डे नाइट खेलमा नेपालले टस जितेर पहिला ब्याटिङ गर्दै ४९ दशमलव तीन ओभरमा सबै विकेट गुमाएर २३३ रन बनायो। सङ्कटमा परेको नेपालको पारीलाई रोहितकुमार पौडेल र करण केसीले माथि उकास्नुभयो । पौडेलले उत्कृष्ट ब्याटिङ गर्दै ८६ रनको योगदान दिनुभयो । सो क्रममा उहाँले १२३ बल खेल्दै तीन छक्का र दुई चौका हान्नुभयो । यस्तै केसीले २६ बलमा ४२ रन बनाउनुभयो । यसमा उहाँको चार छक्का र दुई चौका सामेल थियो।

नेपालका लागि कप्तान ज्ञानेन्द्र मल्लले ७० बलमा दुई छक्का र तीन चौकाको मद्दतमा ४५, विनोद भण्डारीले १७ तथा सोमपाल कामीले ११ रन बनाउनुभयो । बलिङतर्फ पपुवा न्युगिनीका चाड सोपरले तीन, कबुआ मोरिया र नरमन भानुआले दुई/दुई तथा चार्ल्स अमिनीले एक विकेट लिनुभयो । यसअघि पहिलो एकदिवसीय खेलमा नेपालले पपुवा न्युगिनीलाई दुई विकेटले पराजित गरेको थियो । अहिले पपुवा न्युगिनीले जवाफी ब्याटिङ गरिरहेको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : सत्कार मिल्नेछ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाव | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : शारीरिक झमेला |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


**श्री राजपुर माध्यमिक विद्यालय**
**शुक्लागण्डकी-११, भुस्नापुर, तनहुँ**

## शिक्षक आवश्यकता

दोस्रो पटक प्रकाशित मिति : २०७८/०५/२६

श्री राजपुर मा. वि. शुक्लागण्डकी-११, तनहुं निमावि तृतीय विज्ञान/गणित शिक्षक रिक्त भई शुक्लागण्डकी नपा शिक्षा शाखाको च.नं. २२८ मिति २०७८/०५/०९ को पत्रबाट अनुमति पत्र प्राप्त भएको तपशिल बमोजिम खुला प्रतिस्पर्धाबाट पदपूर्ति हुने गरी इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ।

**तपसिल**
**विज्ञापन नं.** : १/०७८/०७९
**पद** : नि.मा.वि. शिक्षक
**विषय** : विज्ञान/गणित
**तलब** : नेपाल सरकारले तोके बमोजिम
**शैक्षिक योग्यता** : सम्बन्धित विषयमा + २ उत्तीर्ण (तालिम प्राप्त)
**आवश्यक कागजात**: शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु २ थान
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**आवेदन शुल्क** : रु. १,००० (एक हजार रुपैयाँ मात्र)
**दरखास्त बुझाउने अन्तिम मितिः** २०७८/०६/०१ गते कार्यालय समयभित्र स्वयम् उपस्थित भई हस्तलिखित दिनुपर्नेछ।
**आवश्यक कागजातहरु** :
नागरिकताको प्रमाणपत्र प्रतिलिपि
शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि
अध्यापन अनुमति पत्रको प्रतिलिपि
अनुभव र तालिमका प्रमाणपत्रका प्रतिलिपि
**सम्पर्क नं.**: ९८५६०२७४८१




# उद्योगी/व्यवसायीलाई खोपको दोस्रो मात्रा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ भदौ**



पोखरा उद्योग वाणिज्य संघको पहलमा कोभिड-१९ विरुद्धको पहिलो खोप लगाएका सदस्य उद्योगी/व्वसायी तथा सदस्य प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई दोस्रो डोज खोप लगाइएको छ।

संघका अध्यक्ष नारायण कोइरालाले खोप अभियानको उद्घाटन गरे। संघका महासचिव सुरेन्द्रमान विजुक्छेका अनुसार साउन ३० गते व्यवसायीहरुलाई पहिलो मात्रा खोप लगाइएको थियो। पहिलो डोज खोप लगाइएका १४ सय जनालाई शुक्रबार संघको सचिवालयमा नै दोस्रो डोज खोप लगाइएको हो। संघका उद्योगतर्फका उपाध्यक्ष तथा खोप व्यवस्थापन उपसमितिका संयोजक अर्जुन पोखरेलले पहिलो डोज खोप लगाउन नपाएका व्यवसायीहरुको लागि खोपको व्यवस्थापन पहल सुरु गरिएको जानकारी दिए।

संघले यसअघि खोपको सुनिश्चितताको लागि गण्डकी प्रदेश सरकार, स्वास्थ्य निर्देशनालय गण्डकी, जिल्ला प्रशासन कार्यालय कास्कीसहित संघीय सरकारका स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठलाई पनि गुहारेको बताउँदै संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्कीले खोपको व्यवस्थापन गर्ने प्रदेश सरकार,जिल्ला कोभिड व्यवस्थापन समिति, प्रदेश स्वास्थ्य निर्देशनालय,पोखरा महानगरको स्वास्थ्य महाशाखालाई धन्यवाद ज्ञापन गरे।

# साढे चार महिनापछि खुल्यो पशुपतिनाथ मन्दिर

**रासस**
**काठमाडौं, २५ भदौ**

पशुपतिनाथाको मूल मन्दिर साढे चार महिनापछि शुक्रबार बिहान ५:३० बजेदेखि भक्तजनका लागि खुला गरिएको छ।

नयाँ भेरियन्टसहितको कोरोनाबाट बच्न गत वैशाख १० गतेदेखि पशुपतिनाथ मूल मन्दिर भक्तजनका लागि बन्द गरिएको थियो। साढे चार महिनापछि खुलेको पशुपतिनाथ मन्दिरमा दर्शनका लागि बिहानैदेखि भक्तजनको भीड लागेको छ। कोरोना जोखिम कम भए पनि पूर्णरूपमा नहटेकाले मन्दिर दिउँसो १ बजेसम्म मात्र खुला गरिने कोषका प्रशासकीय अधिकृत रेवतीरमण अधिकारीले जानकारी दिनुभयो। पशुपतिनाथ मन्दिर दर्शन गर्न जान चाहने भक्तजनले अनिवार्यरूपमा मास्क लगाउनुपर्ने छ। एकपटकमा २५ जना भक्तजनलाई मात्र मन्दिर प्रवेश गराउन थालिएको छ। मन्दिर प्रवेशका लागि भक्तजनले भौतिक दूरी कायम गरेर लाममा बस्नुपर्ने छ। एउटा ढोकाबाट मन्दिर प्रवेश गरेपछि अर्को ढोकाबाट निस्कने व्यवस्था मिलाइएको छ। विशेष पूजा भने आजदेखि खुला नगरिएको पशुपति विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले बताउनुभयो। शुक्रबार बिहानदेखि मन्दिर खोल्न बुधबार नै सुरक्षा समितिको बैठक बसी तयारी गरिएको उहाँले सुनाउनुभयो। साढे चार महिनापछि खोलिएको मन्दिरमा भक्तजनलाई सहज तरिकाले दर्शन गराउन आवश्यक सबै तयारी गरिएको कोषले जनाएको छ। साढे चार महिना भक्तजनका लागि मन्दिर बन्द गर्नुपरेकामा बिहीबार कोषले क्षमापूजा गरेको थियो।

विसं २०७६ चैतमा नेपालमा पहिलोपटक कोरोना महामारी प्रवेश गर्दा पनि नौ महिनासम्म पशुपतिनाथ मन्दिर भक्तजनका लागि बन्द गरिएको थियो। विसं २०७६ चैत ११ गतेदेखि बन्द गरिएको मन्दिर २०७७ पुस १ गतेदेखि बिहान ६ देखि दिउँसो १ बजेसम्म खुला गरिएको थियो। विशेष पूजा भने फागुन २५ गते महाशिवरात्रिदेखि मात्र शुरु गरिएको थियो। महाशिवरात्रिका अवसरमा गत वर्ष फागुन २७ गतेदेखि मात्र साविकबमोजिम नै पूरा समय मन्दिर खुला गरिएको थियो। यसपटक पनि कोरोना जोखिमको मात्रा हेरेर विशेष पूजा, साविकबमोजिम नै मन्दिर खुलालगायत निर्णय गरिने कोषले जनाएको छ।

कोरोना महामारीका कारण विसं २०७७ र २०७८ साउन एवं हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथ मूल मन्दिर बन्द गरिएको छ। आजदेखि पशुपतिनाथसँगै पशुपति क्षेत्रका गुह्येश्वरी, चन्द्रविनायकलगायत मन्दिर पनि भक्तजनका लागि खुला गरिएको कोषले जनाएको छ। आज गणेश चतुर्थी पर्व परेकाले चन्द्रविनायक मन्दिरमा पनि बिहानैदेखि भक्तजनको भीड लागेको छ।

# भरियालाई बोकाएर अक्सिजनको जोहो

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ भदौ**

अस्पतालमा कोरोना सङ्क्रमण भएका बिरामी बढेका छन्। सघन उपचारकक्षमा रहेका तीन बिरामीका लागि उच्च गतिमा अक्सिजन दिनुपर्छ। विद्युत् आपूर्ति अनियमित भएकाले अस्पतालको प्लान्टले राम्रोसँग अक्सिजन उत्पादन गर्दैन। पोखराबाट सिलिण्डर भरेर ल्याउन मध्यपहाडी लोकमार्गमा एक साता पहिले खसेको पहिराका कारण समस्या छ।

अक्सिजनको अभाव हुन नदिन अस्पताल प्रशासनले वैकल्पिक मार्गबाट सिलिण्डर भरेर ल्याउन थालेको छ। पोखराबाट स्याङ्जा हुँदै पर्वतको कटुवाचौपारी ल्याइएका सिलिण्डर बोकेर पर्वत सदरमुकाम कुश्मा ल्याइएको हो। सशस्त्र प्रहरीको सहयतामा कुश्मा ल्याइएका सिलिण्डर त्यहाँबाट सवारीको सहयतामा बागलुङ पुऱ्याइएको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट शैलेन्द्र विक पोखरेलले बताताउनुभयो। अस्पतालमा अक्सिजन अभाव हुन नदिन पोखरेल आफैं खट्नुभएको छ। "राति १२ बजेसम्म दुई जनाले एउटा सिलिण्डर बोकेर पहिरो छलियो, सशस्त्र प्रहरीले सघाउनुभयो", पोखरेल भन्नुहुन्छ, "केही दिन त मौज्दात सिलिण्डरले धाने, बाटो खुल्ने छाँट नदेखेपछि बोकेरै भए पनि सिलिण्डर भरेर ल्यायौं।" अस्पतालले बुधबार मात्रै ३५ ठूला सिलिण्डर पोखराबाट भरेर ल्याएको छ। पोखराका कम्पनीले गाडी पठाउन नसकिने जनाएपछि पर्वतबाटै सिलिण्डर बोक्ने गाडी स्याङ्जाको बाटो पठाइएको थियो। कुश्मामा सिलिण्डर निकाल्न सबैभन्दा धेरै समस्या भएको पोखरेल बताउनुहुन्छ। सघन उपचारकक्षमा मात्रै होइन, अस्पतालको आइसोलेशनमा समेत कोरोनाका बिरामी छन्। अस्पतालमा भरेर राखेका सिलिण्डरको 'रिप्लेस' नहुँदा सङ्कट आउने भन्दै विकल्पको खोजी गर्न थालेको अस्पताल प्रशासनले जनाएको छ। बीस बिरामीलाई पुग्ने अक्सिजन अस्पतालमै रहेको प्लान्टबाट उत्पादन हुने भए पनि पहिराकै कारण ठाउँठाउँमा क्षति भएको विद्युत्को प्रसारण लाइन अनियमित हुँदा राम्रोसँग चल्दैन। नयाँ प्लान्ट स्थापनका काम अघि बढेको भए पनि प्लान्ट ल्याउन ढिलाइ हुँदा पोखराबाट अक्सिजन भरेर ल्याउने गरिएको छ।

# चन्द्रपुरी गढीको पुन:निर्माण

**रासस**
**तनहुँ, २५ भदौ**

पहाडकी रानी उपनामले परिचित बन्दीपुर गाउँपालिका-५ स्थित चन्द्रपुरी गढी संरक्षणको अभावमा अलपत्र बन्दै गएपछि संरक्षण गरिएको छ। गाउँपालिकाको रु पाँच लाख लागतमा गढीको पुनःनिर्माण गरी संरक्षण गरिएको हो। बाइसे-चौबीसे राज्यका पालामा रहेको गढी लामो समयदेखि भग्नावशेषका रूपमा रहेकाले पुनःनिर्माण गरी संरक्षण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिनुभयो।

दरबारमा ढाल, खुँडा, तरबार हराउँदै गएकाले गाउँपालिकाले त्यसको संरक्षण गरी पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने लक्ष्य राखेको छ। चन्द्रकोट गढीको इतिहासको खोजी गरी पर्यटकीयस्थलका रूपमा प्रचारप्रसार गर्न आवश्यक देखिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो। गाउँपालिकाले गढीसम्म पुग्ने पैदलमार्ग निर्माण गरेर सहजरूपमा आवतजावतको व्यवस्था मिलाउन लागेको छ। गढी पुरातात्विक महत्व बोकेको स्थान भएकाले पुनःनिर्माण गरी संरक्षण गरिएको गाउँपालिकाले जनाएको छ।

# एमसीसी सम्झौताबारे प्रधानमन्त्री र सुमारबीच छलफल

**रासस**
**काठमाडौं, २५ भदौ**



प्रधानमन्त्री शेरबहादुर देउवा र मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) उपाध्यक्ष फतेमा सुमारबीच मिलेनियम च्यालेञ्ज सम्झौता (कम्प्याक्ट) बारे विचारविमर्श भएको छ।

प्रधानमन्त्री निवासमा आज अपराह्न भएको छलफल नेपाल-अमेरिका सहयोगसहित एमसिसी कम्प्याक्ट र नेपालको आर्थिक रूपान्तरणमा त्यसको सम्भावनाबारे केन्द्रित रहेको अर्थ मन्त्रालयले जनाएको छ। उक्त मन्त्रालयले त्यससम्बन्धी विस्तृत विवरण शनिबार बिहान सार्वजनिक हुने बताएको छ। नेपालको भौतिक पूर्वाधार परियोजना कार्यान्वयन गर्ने रु ५५ अर्बको कम्प्याक्टमा सैन्य अंश नभएको प्रस्ट्याउन, अर्थ मन्त्रालयले गरेका प्रश्नको सम्बोधन तथा अस्पष्टता हटाउन र नेपाली जनताबाट एमसिसीबारे जानकारी लिन उपाध्यक्ष सुमार बिहीबारदेखि नेपाल भ्रमणमा हुनुहुन्छ।

सम्झौता कार्यान्वयनका निम्ति चाल्नुपर्ने भावी कदमबारे उच्च राजनीतिक नेतृत्व, विभिन्न सरकारी अधिकारी, व्यापारिक तथा सामुदायिक नेतृत्वसँग समेत छलफल गर्न आउनुभएकी उहाँले शुक्रबार नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग बेग्लाबेग्लै भेटवार्ता गर्नुभएको थियो। शुक्रबार उहाँले नेपाली काङ्ग्रेसका अन्य नेताहरूसँग पनि छलफल गर्नुभएको थियो।

बिहीबार बिहान काठमाडौंमा आइपुग्नुभएकी उपाध्यक्ष सुमार दिनभर भेटघाटमा नै व्यस्त रहनुभयो। त्यसक्रममा उहाँले नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद ओली र पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईलाई भेटेर कम्प्याक्टलाई संसद्बाट पारित गर्न आग्रह गर्नुभएको थियो।

# पर्यटन क्षेत्रलाई छुट तथा सहुलियत

**रासस**
**काठमाडौं, २५ भदौ**

सरकारले कोभिड-१९ महामारीका कारण अति प्रभावित मुलुकको पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न छुट तथा सहुलियतसहितका कार्यक्रम घोषण गरेको छ।

अर्थमन्त्री जनार्दन शर्माले शुक्रबार प्रतिनिधिसभामा पेश गर्नुभएको चालु आर्थिक वर्षको आर्थिक अध्यादेश प्रतिस्थापन विधेयमा पर्यटन क्षेत्रलाई छुट तथा सहुलियतसहित विभिन्न किसिमका पूर्वाधार निर्माण तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनको व्यवस्था गरिएको हो। पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई लगानीका आधारमा आयकरसम्बन्धी विशेष छुट सहुलियत दिइने जनाइएको छ। नेपालको धर्म, संस्कृति, परम्परा प्रदर्शित हुने गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न धार्मिक सङ्ग्रहालय स्थापना गरिने बजेटमा व्यवस्था गरिएको छ। राष्ट्रिय महत्वका आयोजना तथा उद्योगमार्फत रोजगारी प्रदान गर्नुका साथै उद्योगमा स्वदेशी कच्चा पदार्थको उपयोग गरिने बजेटमा व्यवस्था गरिएको छ। राष्ट्रिय महत्वका जलविद्युत् आयोजना, अन्तर्राष्ट्रिय विमानस्थल, भूमिगत मार्ग तथा सडकमार्ग, रेलमार्ग जस्ता पूर्वाधार विकास आयोजना, सिमेन्ट उद्योग, स्टिल उद्योग, कृषिमा आधारित उद्योग, पर्यटन सेवासँग सम्बन्धित उद्योग तथा ३०० जनाभन्दा बढी स्वदेशी कामदारलाई रोजगारी दिने र ५० प्रतिशतभन्दा बढी स्वदेशी कच्चा पदार्थ उपयोग गर्ने उत्पादनशील उद्योगमा गरिने लगानीलाई विशेष प्रोत्साहनको व्यवस्था गरिएको छ।


**बिशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Bishal Saving & Credit Co-operative Society Ltd.**
**पोखरा म.न.पा.-४, बुद्ध विशाल बजार, कास्की**
**फोन नं. ०६१-५८१८१६, ५८१७३३**

## २२ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस विशाल बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७८/०५/१८ गते (तदनुसार ३ सेप्टेम्बर २०२१) शुक्रबारका दिन सम्पन्न संचालक समितिको बैठक नं. १८५को निर्णय अनुसार निम्न मिति, समय र स्थानमा २२औं वार्षिक साधारण सभामा तपसिलका विषयवस्तु उपर छलफल र निर्णय गर्न बस्ने भएको हुँदा यहाँको गरिमामय उपस्थितिको निमित्त हार्दिक अनुरोध गर्दछु।

**छलफलका विषयहरू :**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल र पारित।
२) लेखा समितिको तर्फबाट संयोजक ज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारीत गर्ने।
३) आ.व. ०७७/०७८ को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र अनुमोदनगर्ने।
४) आ.व. ०७८/०७९ को वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत पारीत गर्ने।
५) आ.व.०७८/०७९ को निम्ति लेखापरीक्षकको नियुक्ति र पारिश्रमीक तोक्ने।
६) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नियुक्ति गर्ने।
७) विभिन्न निति तथा कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।
८) भवन निर्माण उपसमितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
९) सदस्यज्यूहरुको सुझाव सम्बन्धमा।
१०) विविध।

**सभा शुभारम्भ हुने मिति, समय र स्थान**
मिति : २०७८ आश्विन ८ गतेदेखि १५ गतेसम्म (तदनुसार (24 Sept. 2021 - 1 Oct. 2021)
समय : बिहान १०:३० बजेदेखि अपरान्ह ४:३० बजेसम्म
स्थान : संस्थाको कार्यालयमा उपस्थित भई नाम दर्ता गर्ने र प्रतिवेदन लिई सुझाव पेश गर्ने।

**समापन सभा**
मिति : २०७८ आश्विन १५ गते शुक्रबार (तदनुसार (1 Oct. 2021)
स्थान : दि भिलेज रेष्टुरेण्ट, पोखरा-४
समय : बिहान ८:३० बजेदेखि अपरान्ह २:३० बजेसम्म

नोटः
- भौतिक दुरी र मास्कको प्रयोग अनिवार्य गरिएको जानकारी गराउँदछौं।
- कोभिड-१९ का कारण यस वर्षको वार्षिक साधारण सभा विशेष परिस्थितिमा सम्पन्न गर्नुपर्ने बाध्यताका कारण विद्यार्थी सम्मान, सदस्य सम्मान लगायतका सम्पूर्ण सम्मान एवम् पुरस्कृत गर्ने कार्यहरु आगामी वार्षिक साधारण सभामा गरिने जानकारी गराउँदछौं।
- साधारण सभा सम्बन्धी सदस्यता सहभागिता फाराम प्राप्त नगर्नुहुने सदस्यज्यूहरुले संस्थामा सम्पर्क राख्न अनुरोध गरिन्छ।

**संचालक समितिको आज्ञाले**
**तारादेवी पराजुली**
**सचिव**



**श्रीपति बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Shreepati Saving & Credit Co-operative Society Ltd.**
**पोखरा म.न.पा.-९, महेन्द्रपुल, कास्की**
**फोन नं. ०६१-५३००११**

## १३ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस संस्थाको मिति २०७८ भाद्र ०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा संस्थाको १३ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन कोरोना भाइरस संक्रमणका कारण स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरि तपसिलका विषयवस्तु उपर छलफल र निर्णय गर्नका लागि बस्ने भएकोले अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ।

**कार्यक्रमहरू :**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत र पारित।
२) सचिवको प्रतिवेदन प्रस्तुत र पारित।
३) लेखा समितिको प्रतिवेदन प्रस्तुत र पारित।
४) कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत र पारित।
५) आ.व.०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन पारित।
६) आ.व.०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण।
७) निर्वाचन मनोनयन कार्यक्रमः
२०७८ भाद्र २८, २९ र ३० गते निर्वाचन समितिको कार्यतालिका अनुसार संस्थाको कार्यालयमा संचालन हुनेछ।
८) संस्थाको साधारण सभा निर्णय पुस्तिका प्रमाणित गर्न सदस्यको छनोट।
९) विविधि।

**सदस्यहरु कार्यलयमा आउने कार्यक्रम तालिका**

| | |
|---|---|
| भाद्र ३१ गते विहीबार | सदस्य संख्या १ देखि १०० सम्म |
| असोज ०१ गते शुक्रबार | सदस्य संख्या १०१ देखि २०० सम्म |
| असोज ०२ गते शनिबार | सदस्य संस्या २०१ देखि २६७ सम्म |

**पुनश्च**: यस वर्ष साधारण सभामा अनिवार्य रुपमा शेयर सदस्य नै तोकिएको समयमा उपस्थित हुनु भएका सदस्यलाई मात्र यातायात खर्चको व्यवस्था गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**
मितिः २०७८ भाद्र ३१ गतेदेखि २०७८ असोज ०१ र ०२ गतेसम्म।
समयः विहान १०: १५ बजेदेखि ३: ०० बजेसम्म।
स्थानः कार्यालय परिसरमा पोखरा-९।

**नवराज कोइराला**
**सचिव**